मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

प.सं: २०७८।०७९

च.न ४३६६

मिति: २०७९।०३।२८

## सामाजिक सुरक्षा भत्ताको नाम/परिचयपत्र नवीकरण सम्बन्धि अत्यन्त जरुरी सुचना ! ! !

प्रस्तुत विषयमा यस मन्थली नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको हरेक आ.व.को श्रावण महिनाको १ गते देखी असोज मसान्त सम्ममा अनिवार्य नाम तथा परिचयपत्र नवीकरण गर्नु पर्ने हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा देहायका कागजातहरु सहित (सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०७५ को अनुसुचि -४ दफा ७ को उपदफा १ सँग सम्बन्धित नाम नवीकरणको लागि दिने दर्खास्त ढाँचा) निवेदन दिनुहुन सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। तथापि कुनै कारण बस आफ्नो सामाजिक सुरक्षा भत्ता नवीकरण अश्विन मसान्त सम्म गर्न नआएका / छुटेका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुँदा यसको सम्पुर्ण जिम्मेवार स्वयंम लाभग्राही आफै हुनु पर्ने छ।

**नाम नवीकरण फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु ;**

१) सामाजिक सुरक्षा भत्ता नाम नविकरण गर्न स्वयंम लाभग्राही आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन दिनुपर्ने छ।(नवीकरणको लागि वडा कार्यालयमा निवेदन दिने समय साउन १ देखी असोज मसान्त सम्म)

२) बालबालिका,अशक्त तथा अपाङ्गको हकमा निजको संरक्षक (बैंकमा हकवाला समेत रहेको हुनुपर्ने) ले नवीकरणको दरखास्त दिन पाउने छन।

३) आ.व. ०७९/०८० को श्रावन १ गते पश्चात दर्ता भएका र श्रावण १ गते देखी लागु गरी दर्ता भएका लाभग्राहीको नवीकरण गर्नुपर्ने छैन।

४) लाभग्राही अशक्त रहेको र उसको नवीकरणको लागि वडामा कोही आउन नसकेको हकमा वडा कार्यालयको सिफारिस बमोजिम नवीकरण गर्न सकिने छ। लाभग्राहीको सम्पुर्ण गतिविधि अनिवार्य खुलाउनु पर्ने छ।

### नवीकरणको लागि आवश्यक कागजातहरु (लाभग्राहीहरुको हकमा)

**१) जेष्ठ नागरिक ७० माथी र जेष्ठ नागरिक दलित ६० बर्ष माथिको हकमा**

क) नागरिकताको फोटोकपी -१ प्रति

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो-१

***नोट: आ व २०७९ संघिय बजेट वक्तव्यमा ६८ वर्ष माथिका व्यक्तिलाई जेष्ठ नागरिक भत्ता दिने भन्ने आएकाले सबै वडा कार्यालयमा छुटै निवेदन संकलन गर्ने र अनलाइन दर्ता प्रणाली शुरु हुना साथ प्रविष्टि गर्ने ।***

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

प.सं: २०७८।०७९
च.न

मिति: २०७९।०३।२८

**२) जेष्ठ नागरिक एकल महिलाको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि -१ प्रति

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) अबिबाहित प्रमाणित प्रतिलिपी(पुरानोको हकमा)-१

**३) विधवाको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि -१ प्रति

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) पतिको मृत्यु दर्ता अर्को विवाह नगरेको प्रमाणित प्रतिलिपी (पुरानो लाभग्राहीको हकमा)-१

**४) पुर्ण अपाङ्ग र अति अशक्तको अपाङ्गको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि -१ प्रति

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) रातो वा निलो कार्डको प्रतिलिपी -१

घ) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो-१

**(५) दलित वालवालिको हकमा**

क) जन्म दर्ताको प्रतिलिपी -१

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) हकवाला वा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो-१